# अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समुहको बिउपुँजी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,

## २०७८

**रामप्रसादराई गाउँपालिका**

**बैकुण्ठे, भोजपुर**

कार्यपालिकाको बैठकमा पेश भएको मितिः २०७८।१०।१६

प्रमाणिकरण मितिः २०७८।१०।१८

**प्रस्तावना**

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४ र अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालन सम्बन्धी निर्देशिका, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११को उपनियम (२) को खण्ड (त) ले दिएको अधिकार र सोही ऐनको दफा १०२ अनुसार यस रामप्रसादराई गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई संगठित गरी मिलिजुली समुह गठन गर्दै ति समूहमा व्यवस्थित तरिकाले विभिन्न कार्यक्रम र श्रोतबाट रकम व्यवस्था गरेर बिउपूँजी कोष संचालन तथा व्यवस्थापन गर्दै अपाङ्गता भएका व्यक्तिहरुलाई स्वरोजगार,समृद्ध र स्वावलम्बी वनाउने उदेश्य पुरा गर्न वान्छनीय भएकोले यो कार्यविधि तयार गरी स्वीकृत गरेको छ ।

**परिच्छेद १**

**(१) संक्षित नाम र प्रारम्भ:-** यो कार्यविधिको नाम "बिउपुँजी सञ्चालन तथा परिचालन सम्वन्धी कार्यविधी, २०७८" रहेको छ । यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**(२) परिभाषा:-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"मिलिजुली समूह"** भन्नाले स्थानीय तहले वडा स्तरमा अपाङ्गता भएका व्यक्तिहरुलाई संगठित गरी परिचालन गरिएको समूहलाई जनाउछ ।

(ख) **"ओ.पि.डि"** भन्नाले अपाङ्गताको क्षेत्रमा आफ्नो पालिका भित्र विभिन्न गतिबिधि संचालन गर्नको लागि संगठितगरी अधिकारिक निकायमा दर्ता र स्थानीय तहमा सूचीकरण वा दर्ताभएका (Organization of person with disability (OPD) संस्थालाई जनाउछ ।

(ग) **"कार्यक्रम"** भन्नाले स्थानीय तह वा अन्य निकायले मिलिजुली समुहलाई अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसाय प्रबर्द्धन तथा आर्थिक उपार्जनको लागि प्रदान गरेको बिउपुँजी तथा अन्य कार्यक्रमलाई समेत जनाउछ ।

(घ) **"व्यवासायिक योजना"** भन्नाले मिलिजुली समूहमा आबद्ध भएका वा नभएका वडाका अपाङ्गता भएका व्यक्ति तथा परिवारले गर्ने उद्यम(जस्तै: सिप विकास गरी उत्पादन गरिने सामाग्रीहरु, घुम्ती पसल, कृषि तथा पशुपालनमा आधारित खेती तथा बजारीकरण, विभिन्न सामाग्रीहरु राखी खोलिएका पसलहरु लगायत) ब्यबसाय गर्नको लागी बनाइएको योजना वा क्रियाकलापलाई बुझाउछ ।

(ङ) **"परियोजना प्रस्ताब"** भन्नाले मिलिजुली समुहमा अपाङ्गता भएका व्यक्ति तथा परिवारले बिउपुँजी कोषको आर्थिक लगानीमा व्यवसाय प्रबर्द्धन तथा सिप बिकास गर्न पेस गरिएको प्रस्ताबलाई बुझाउँछ ।

(च) **"ऋण"** भन्नाले अपाङ्गता भएका व्यक्तिहरुले परियोजना प्रस्ताब पेस गरि न्युनतम ब्यांज दरमा समूहबाट लिएको ऋणलाई बुझाउँछ । यसले वित्तीय संस्थाबाट समूहले लिएको ऋण समेतलाई बुझाउँने छ ।

(छ) **"बचत"** भन्नाले मिलिजुली समुहमा आबद्ध भई अपाङ्गता भएका व्यक्ति तथा परिवारले गर्ने दैनिक,मासिक, त्रैमासिक बचतलाई समेत बुझाउँछ ।

(ज) **"रकम फिर्ता"** भन्नाले मिलिजुली समुहबाट लिएको ऋण निश्चित समयमा फिर्ता गर्ने समय निर्धारण गरिएको हुन्छ, सो समय सिमा भित्र वा अगाबै फिर्ता गर्ने रकमलाई बुझाउँछ ।

(झ) **"बचत फिर्ता"** भन्नाले मिलिजुली समूहमा आबद्ध भइ बचत गर्ने व्यक्तिहरुले समुहमा नरहने इच्छा भएमा फिर्ता गर्ने बचत रकमलाई बुझाउँछ ।

(ञ) **"स्थानीय समन्वय समिति"** भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ को दफा ४२ अन्तर्गत बनेको स्थानीय समन्वय समितिलाई बुझाउँछ ।

## परिच्छेद २

## ३. मिलिजुली समुहमा बिउपुँजी कोष संचालन सम्बन्धी व्यवस्था.

(क) रामप्रसादराई गाउँपालिकाले स्थानीय वडामा मिलिजुली समूह निर्माण तथा गठन गरि सिप बिकास तथा व्यवसाय प्रबर्द्धन गर्नको लागि प्रत्येक वडामा वडा स्तरीय मिलिजुली समुहको बैंक खाता खोलि बिउपुँजी उक्त खाता मार्फत उपलब्ध गराउने छ।

(ख) दफा३ को (क) ले व्यवस्था गरेको खातामा पालिकाले वा वडाले बार्षिक बजेट मार्फत बिउपुँजी कोषको नाममा बजेट बिनियोजन गरि कोषमा रकम जम्मा गर्न सक्ने छन।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठ, भोजपुर

(ग) कुनै वडामा एक भन्दा बढी मिलिजुली समूह भएमा उक्त समूहको सदस्य संख्याका आधारमा बिउपुँजी बाँडफाँड गर्न सकिने छ। त्यसरी बिउपूँजी बाँडफाँट गर्दा समूहका सदस्य संख्यालाई आधार मानी जम्मा गर्न सकिनेछ।

(ङ) यसरी बिउपुँजी कोषमा जम्मा भएको रकम कुनै पनि पदाधिकारी तथा सदस्य वा साधारण सदस्यहरुले वा ऋण लिने व्यक्तिहरुले ऋण संझौतामा निर्धारण गरेको समय सीमाभित्र नियम अनुसार समुह मार्फत गर्नु पर्नेछ । फिर्ता भएको रकम मध्येबाट न्युनतम मौज्दात राखी प्राथमिकताको आधारमा अन्य अपाङ्गता भएका व्यक्ति तथा परिवार लाई पुन:ऋण स्वरूप उपलब्ध गराउँन पर्नेछ।

(च) समूहको खाता खोली बैंकमा रकम नियमित जम्मा गर्ने व्यवस्था मिलाउनु पर्नेछ र नियमित वचत तथा अन्य आय सोही खातामा जम्मा गर्नु पर्नेछ । खाता सञ्चालन समुहको अध्यक्ष सचिब र कोषाध्यक्ष ३ जनाको संयुक्त दस्तखतबाट सञ्चालन खोलिने छ र आर्थिक कारोबार गर्दा कोषाध्यक्षको अनिवार्य दस्तखत र अध्यक्ष र सचिब मध्ये कुनै एकको दस्तखत बाट कारोबार गर्नु पर्ने छ।

## परिच्छेद-३

### ४. बिउपुँजी कोषको रकम संचालन प्रक्रिया

(क) बिउपुँजी कोष संचालनको लागि मिलुजुली समूहले निम्न प्रक्रियाहरु पुरा गर्नु पर्नेछ।

**(१) ब्याज निर्धारण:-** बिउपुजी कोष तथा बचत गरिएको रकम समूह भित्र लगानी गर्दा ८ देखि १२ प्रतिशतको सीमा भित्र निर्धारण गर्नु पर्नेछ । ब्याजदर निर्धारण गर्नको लागि मिलिजुली समूहको बैठकबाट सर्बसम्मत वा दुइ तिहाई वा बहुमतले प्राथमिकता अनुसार निर्णय गर्न सक्नेछ।

**(२) ऋणीको छनौटमा प्राथमिकता :-** बिउपुँजी कोष बाट कुनै व्यवसाय संचालन गर्न योजना प्रस्ताव पेश गरेका मध्ये सबै भन्दा विपन्न, सिपमूलक तालीम पाएर व्यवसाय संचालन गर्न आर्थिक अभाब भएका र व्यावसाय गर्न नसकेका व्यक्तिहरु, परिवारमा अन्य संरक्षक नभएका वा परिवारको संरक्षक नै आफै रहेका व्यक्तिहरु, पूर्ण तथा अति असक्त बिपन्न व्यक्तिहरुको परिवारको सदस्यहरु, बौद्रिक,मनोसामाजिक, अटिजम जस्ता समस्या भएका, हिंसा पिडित महिलाहरुलाई पहिलो प्राथमिकतामा राखी ऋण प्रदान गर्नु पर्नेछ। तर त्यसरी छनौट गर्दा अन्य मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुलाई पनि क्रमस: समाबेश गर्दै लैजानु पर्नेछ।

**(३) ऋण प्रदान गर्दा अधिकतम रकम:-** मिलिजुली समुहले ऋण प्रदान गर्दा समुहमा बचत, माग रकम तथा परियोजना प्रस्तावको आधारमा निर्धारण गरी हाललाई अधिकतम रू ३० हजार सम्म प्रदान गर्न सकिने छ । तर यस दफाले मिलिजुली समुहको बैठकबाट ऋण लगानी रकम तोकिएका आधारमा निर्धारण गर्नबाधा पर्ने छैन।

**(४) रकम फिर्ताको समय सिमा:-** कुनै ऋणीले न्युनतम ३ महिना देखी अधिकतम १ बर्ष सम्मको लागि ऋण लिन सक्नेछ, तर निर्धारित समय सिमा पहिलेनै ऋण चुक्ता गर्न चाहेमा सावाँ ब्याज जुनसुकै समयमा पनि फिर्ता गर्न बाधां हुने छैन । एकवर्ष भन्दा वढी अवधि ऋण रहेमा ऋण माग नविकरण गर्नु पर्नेछ।

**(५) रकम फिर्ताको म्याद:-** कुनै ऋणीले लिएको ऋण रकम फिर्ता निर्धारित समयमा गर्नुपर्नेछ। समयमा फिर्ता गर्न नसकेमा १ महिना सम्म व्याजमा जरिवाना तोकी म्याद थप गरिनेछ । यदि १ महिना म्याद थप गर्दा पनि फिर्ता गर्न नसके भएमा सुरुमा ऋण लिंदा फिर्ता गर्न निर्धारण गरिएको समय सिमा सम्मको सावाँ व्याज जरिवाना हिसाव गरी भाका पुरा भएको मिति देखि नै समूहले निर्णय गरी हर्जना व्याज समेत लिई रकम फिर्ता लिनु पर्नेछ । फिर्ता लिन नसकेमा ऋणको व्याज साँवामा गाभी दफा ४ अनुसार ऋण नविकरण गर्नु पर्नेछ

**(६)एकमुस्ट ऋण फिर्ता गर्न सकिने:-** कुनै ऋणीले लिएको ऋण निर्धारित समयमा सावाँ ब्याजसहित एकमुस्ट फिर्ता गर्न सके छन। एकमुस्ट फिर्ता गर्ने वा किस्ता बन्दीमा बुझाउने भन्ने कुरा परियोजना प्रस्तावमा र ऋण संझौता गर्दा नै स्पस्ट रुपमा राखेको हुनु पर्नेछ ।तर एकैमुष्ट फिर्ता गर्न त्यसले बाधा पर्ने छैन।

**(७) किस्ता बन्दीमा ऋण फिर्ता गर्ने:-** कुनै पनि ऋणीले मासिक किस्ता बन्दीमा ऋणको तोकिएको किस्ता र व्याज हिसाब गरी फिर्ता गर्नु पर्नेछ ।यसरी किस्ता बन्दीमा फिर्ता गर्ने रकमको विवरण ऋण संझौतामा राखेको हुनु पर्नेछ।

**(८) कुनै ऋणीले फिर्ता नै नगर्ने अवस्था भएमा:-** कुनै ऋणीले लिएको ऋण निर्धारित समय व्यतित गर्दा पनि फिर्ता नहुने अवस्था आएमा निम्न प्रक्रियाहरु अपनाई ऋण असुली गरिनेछ:-

(क) सुरुमा समूहका सदस्यहरू तथा जमानी वसेका सदस्यबाट मौखिक जानकारी गराउने

(ख) मौखिक जानकारी गराएको १५ दिन भित्र पनि कुनै वास्ता नगरेमा वा अटेर गरेमा पुनः १५ दिनको समय भित्र फिर्ता गराउनको लागि समूह बाट लिखित पत्राचार गर्ने।

(ग) पत्राचार गरेको समय सिमा भित्र समेत फिर्ता नभएमा उसको बचत र सो को ब्याजबाट ऋण र सो को ब्याज घटाई ऋण समायोजन गर्ने।

(घ) बचत र सो को ब्याजबाट ऋण चुक्ता नहुने भएमा ऋणी सदस्यले गर्ने नियमित बचतबाट ऋण घटाउदै लैजाने।

(ङ) एक वर्ष भित्रमा चुक्ता गर्न नसक्ने भएमा दफा ४ बमोजिम साँवा व्याज हिसाब गरी ऋण नविकरण गरी नयाँ संझौता गराउने र असुल उपरका लागि नियमित निगरानी र उत्प्रेरित गर्ने ।

(ङ) ऋण चुक्ता पश्चात नियमित बचत प्रणालीमा फर्काउने र पुनः त्यस्तो ऋणीको अभिलेख राखी ऋण लगानीमा सतर्क तथा सचेत गराउने साथै सचेत रहने।

(च) यदि ऋण नविकरण पश्चात एकबर्ष सम्म पनि नतिरेमा र बचत पनि नगरेमा मिलिजुली समुहको बैठकको निर्णयबाट उसको जयजेथा तथा जमानी वस्ने संदस्यबाट असुल उपर गराउने।

## परिच्छेद-४

**५. ऋण लिनको लागि अपाङ्गता भएका व्यक्ति तथा परिवारले अपनाउनु पर्ने प्रक्रियाहरु:-**

(क) मिलिजुली समुहमा आबद्ध भएको हुनु पर्ने।

(ख) समुहमा बचत गर्न सुरु गरेको कम्तिमा २ महिना भएको हुनु पर्ने।

(ग) योजना प्रस्ताब १ प्रति (अनुसूची १ बमोजिम)

(घ) निबेदन १ प्रति सो निवेदनमा कम्तीमा समूहका २ जना सदस्यले जमानी वसेको हुनु पर्ने।

(ङ) सबै प्रकृया पुरा गरि सम्पूर्ण कागजातहरु संलग्न गरि वडाको मिलिजुली समुहमा निबेदन पेस गर्ने । प्राप्त निबेदन तथा परियोजना प्रस्तावको आधारमा मिलिजुली समुहको बैठकले निर्णय गरे बमोजिम ऋण प्रवाह गर्न सकिनेछ।

(च) ऋण परिचालनको क्षेत्रमा अझ ब्यबस्थित र प्रभावकारी बनाउन समितिको निर्णय गरी कोषाध्यक्ष अनिवार्य रहने गरी निम्न अनुसार ऋण समिति बनाउन सकिनेछ। ऋण समितिले ऋण माग प्रस्तावनाहरुलाई मुल्यांकन गरी ऋण सिफारिस गर्नेछ।

संयोजक - १ जना

सदस्यहरु - २ जना (उपलब्ध भएसम्म १ जना महिला सदस्य)

## परिच्छेद-५

**६. मिलिजुली समुहमा बचत संकलन प्रक्रिया:- मिलिजुली समुहमा नियमित बचत संकलन गर्नको लागि निम्न प्रक्रियाहरु अपनाउनु पर्ने छ :**

(क) अपाङ्गता भएको व्यक्ति वा निजको परिवारको सदस्य वा संरक्षक वा अन्य व्यक्तिले समूहमा नियमित बचत गर्न सक्नेछ।

(ख) दैनिक, मासिक, त्रैमासिक रुपमा बचत संकलन गर्ने सकिनेछ। नियमित बचत जम्मा गर्ने समय निर्धारण गर्न मिलिजुली समुहको बैठकको निर्णय अनुसार हुनेछ।

(ग) बचत रकमको न्युनतम र अधिकतम सीमा र एकरुपता कायम गर्ने वा इच्छा अनुसार फरक-फरक गर्ने सो को निर्धारण गर्न मिलिजुली समुहको बैठकको निर्णय अनुसार हुनेछ।

(घ) बचत संकलन गर्नको लागि भौगोलिक अवस्थाले एकैठाउ उपस्थित हुन नसक्ने भएमा वडा भित्र पनि टोल समिति बनाई उक्त समितिले बचत संकलन गरि समूहमा दाखिला गर्न सक्नेछ। त्यसरी टोल समितिले संकलन गरेको बचत ढिलोमा ७ दिन भित्र समूहमा ल्याई जम्मा गर्नु पर्नेछ ।

(ङ) बचत संकलन गरेको रकम अनिबार्य पास बुक र ढड्डामा दाखिला गरेको हुनु पर्नेछ।

(च) बचत गरेको रकम सम्भव भए सम्म संकलन भएकै दिन परिचालन गर्नु पर्ने छ, यदि सम्भव नभएमा समितिको कोषाध्यक्ष वा मिलिजुली समुहको बैठकले तोकिएको व्यक्तिलाई समूहबाट भर्पाइ गराई सुरक्षित राख्नको लागि उपलब्ध गराउनु पर्ने छ। ऋण प्रबाह नहुने अवस्था भएमा समुहको खातामा संभव भएसम्म चाँडै जम्मा गर्नु पर्नेछ। ७ दिन भन्दा बढी समय रकम खातामा जम्मा नगरी आफैसंग राख्नेले बैंकको व्याज सहित खातामा जम्मा गर्नु पर्नेछ।

(छ) यदि कुनै सदस्यहरुले बचत समूहमा नरहन वा बचत फिर्ता लिई समुहबाट बाहिरिन चाहेमा समूह छोड्नुको कारण सहित समुहमा निबेदन दिनु पर्ने छ। निबेदन दिएको १ महिना भित्र निज व्यक्तिले हाल सम्म बचत गरेको सावा ब्याज हिसाब गरि समूह बाट निज व्यक्तिको बचत रकम फिर्ता गर्न सकिने छ।

## परिच्छेद-६

### ७. अनुगमन, मूल्यांकन र प्रतिवेदन

(क) बिभिन्न तहका सरोकारवालाहरुले पालिकाबाट उपलब्ध बिउपुँजी तथा वचत रकमको जुनसुकै समयमा पनि अनुगमन तथा मुल्यांकन गर्न सकनेछ।

(ख) अनुगमन तथा मुल्यांकन गर्न स्थानीय तहको अपाङ्गता समन्वय समिति, जनप्रतिनीधिहरु, वडा समिति, सहयोगी संस्थाका प्रतिनिधि तथा डी.पि.ओ मार्फत अनुगमन हुनेछ । यसरी अनुगमन हुँदा मिलिजुली समुहले सबै हिसाबकिताब पारदर्शी रुपमा देखाउनु पर्नेछ।

(ग) त्यसरी अनुगमनको क्रममा गलत मनसाय राखी आर्थिक अपचलन वा दुरुपयोग भएको प्रमाणित भएमा उक्त समुहको बैंक खाता रोक्का गरीपालिका वा वडाबाट अपाङ्गताको क्षेत्रमा संचालन हुने कुनै पनि कार्यक्रमको अनुदान रकमउपलब्ध गराउन रोक्का समेत गर्न सक्ने छ।

(घ) मिलिजुली समुहले बार्षिक रुपमा असार मसान्त भित्रको आर्थिक गतिबिधि सोहि बर्षको श्रावण भित्रमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिबेदनको रुपमा एकप्रति वडा कार्यालय र १ प्रति पालिका स्थित महिला बालबालिका शाखामा पेस गर्नु पर्ने छ।

## परिच्छेद-७

### ८. बिबिध

(क) सुझाब लिने दिने:- मिलिजुली समुहले बिउपुँजीकोषको प्रभावकारी परिचालनको लागि स्थानीय तह र डी.पि.ओ सँग आवश्यक परामर्श वा सुझाब लिन दिन सक्ने छ।

(ख) व्याख्या गर्ने अधिकार:- यो कार्यविधिको कुनै पनि बुदामा अलमल भएमा व्याख्या गर्ने सम्पूर्ण अधिकार रामप्रसादराई गाउँपालिका स्थित पालिका स्तरीय अपाङ्गता समन्वय समितिलाई हुनेछ।

(ग) प्रचलित कानुन लागुहुने:- यो कार्यविधि अनुसार कुनै पनि दफाहरू बाझिएको खण्डमा प्रचलित कानुन बमोजिम नै लागु हुने छ।

(घ) संसोधन हुन सक्ने:- यस कार्यविधिको कुनै पनि दफा वा उपदफाहरु संसोधन वा थपघट गर्नु पर्ने भएमा फिदिम नगर पालिकाले जुन सुकै समयमा संसोधन गर्न सक्ने छ।

(ङ) यस अघि यस सम्बन्धमा भए गरेका काम यसै कार्यविधि अनुसार भए गरेका मानिनेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर १ नं प्रदेश, नेपाल

अनुसूची-१

मिलिजुली योजना प्रस्तावको लागि नमुना फारम

मितिः-...............................

१)प्रस्तावकको नाम:- ..........................................................

२)ठेगाना..........................................................................

३) प्रस्तावक मिलीजुली समुहको सदस्य हो वा अभिभावक हो ...........

४) प्रस्ताव गरिएको व्यवसायको नाम: ....................................

५) व्यवसायकोलागि आवश्यक रकम रु.............................................

५) समुहमा माग गरिएको रकम रु.....................................................

६) व्यवसायको लागि तपाइको अनुभव, सीप र वजारको अवस्था। उपयुक्तामा √ चिन्ह लगाउनुहोस ।

अनुभवः प्राचिन १ वर्षको २ वर्ष २ वर्ष माथि

सीप : उत्तम मध्यम कमजोर कर्मचारी राख्ने

वजार: अति राम्रो राम्रो मध्यम

अनुमानित नाफा:मासिक ५% मासिक १०%मासिक १०%भन्दा माथि

७) ऋण लिन चाहेको अवधि :..........................................................................................

८) ऋण बुझाउने किस्ता: मासिक त्रैमासिक एकमुस्ठ

९) प्रस्तावित ब्याजदर : ...................................................................................

सिफारिस गर्ने व्यक्तिको नाम : .....................

ठेगाना: ......................

हस्ताक्षर: ................................

मिति: ........................................

निवेदकको हस्ताक्षर: ..................................... मिति: ...........................................

राजप्रसादराइ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर १ नं प्रदेश, नेपाल

अनुसूची-२

## मिलिजुली समुहको बार्षिक प्रतिबेदनको नमुना फारम

मिति:-..................................

आर्थिकबर्ष : ..........................................................

मिलिजुली समुहको नाम : ..........................................................................................

ठेगाना.............................................................................................................................

| क्र.स. | शिर्षक | रकमरु |
|---|---|---|
| १ | ऋण लगानी भएको जम्मारकमरु | |
| २ | ऋण लगानीबाट ब्याज आम्दानी रकमरु | |
| ३ | नियमित बचतबाट आम्दानी रकमरु | |
| ४ | ऋण लगानीबाट ब्याज आम्दानी रकमरु | |
| ५ | पालिका वा वडाबाट प्राप्त अनुदान रकमरु | |
| ६ | अन्य श्रोतबाट आम्दानी रकमरु | |
| ७ | ब्याजबाट आम्दानी रकमरु | |
| ८ | यस आ.ब.मा भएको खुद आम्दानी रकम रु | |
| ९ | यस आ.ब.सम्मको कुल जम्मा नगद रु (ऋण लगानी र बचतगरी जम्मा) | |
| १० | यस आ.ब.मा कति सदस्यले ऋण लिए ? | |
| ११ | यस आ.ब.मा कति पटक बैठक बसीयो ? | |
| १२ | यस आ.ब.मा कति सदस्य थप गरियो ? | |

समुहको अनुभब :

.....................................................................................................................................................

.....................................................................................................................................................

सफलता वा असफलताका कथाहरु: (धेरै भएमा छुट्टै पानामा लेख्नसकिन्छ)

.....................................................................................................................................................

.....................................................................................................................................................

समस्याहरु:

.....................................................................................................................................................

.....................................................................................................................................................

समाधानकालागी के गरियो ?

.....................................................................................................................................................

.....................................................................................................................................................

सहयोगीसंस्था वा पलिकलाई सुझाब :

.....................................................................................................................................................

प्रतिवेदककोहस्ताक्षर:.............................................

नाम : ...............................................................

पद : ...............................................................

मिति: ...............................................................

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं प्रदेश, नेपाल

अनुसूची ३

मिलिजुली समूहको ऋण संझौता फारम

भर्पाइ सहितको ऋण सम्झौता-पत्र

आज मिति ........................गतेका दिन यस मा .......................नगरपालिका वडा न.

.......बस्ने..........................नाति/नातिनी.........................छोरा/छोरी................................ले

यस.....................नगरपालिका वडा न.............को .................अपाङ्गता मिलिजुली समूह

बाट..............................प्रयोजनको लागि रु.................(अक्षरोपी .............................)............ब्याजदरमा निम्न सर्तहरुको अधिनमा रही मेरो मंजुरिको साथ बुझिलिएको साचो सत्य हो। म तल उल्लेखित सर्त बिपरित कुनै पनि कार्य गर्ने छैन यदि सर्त बिपरित कुनै कार्य म बाट भएमा नियम अनुसार यस ............समूहले गरेको निणय अनुसार गरेको काम कारबाही स्वीकार गर्दछु भनि साछी प्रमाण राखी यो भरपाई सहितको ऋण सम्झौता पत्रमा हस्ताक्षर गरेको छु।

सर्तहरु:-

**१. एक मुस्ट सवा ब्याज तिनको लागि**

(क) ऋण लिएको मिति .......................... (ख) रकम .....................(ग) एक मुस्ट तिर्ने अन्तिम भाका ......................मा लिएको ऋणको सावाँ ब्याज एक मुस्ट फिर्ता गरे छु।

**२. किस्ता बन्दीमा सवा ब्याज तिनको लागि**

(क) ऋण लिएको मिति .......................... (ख) रकम .....................(ग) किस्तामा तिर्नको लागि महिना ....................( मासिक/त्रैमासिक वा ६ महिनामा १ पटक कसरि तिर्ने उल्लेख गर्ने) सम्पुण किस्ता तिर्ने अन्तिम भाका ......................मा लिएको ऋणको सावा ब्याज एक मुस्ट फिर्ता गर्ने छु।

३. मैले ऋण तिर्नको लागि कबुल गरेको भाका नागेमा नियम अनुसार पर्ने हर्जना तिर्न म मन्जुर छु।

४. नियम अनुसार मैले तिर्न नसके मेरो जायजेथा बाट मिलिजुली समुहले असुल उपर गरेमा मेरो मन्जुर छ।

५. म नियमित रुपमा बचत गर्नको लागि मन्जुर छु।

माथि उल्लेखितं सर्तहरु मैले अध्यान गरि बुझी यो भर्पाइ सहितको ऋण सम्झौता पत्रमा हस्ताक्षर गरि रकम बुझी लिए

बुझाउनेको नाम:

पद:

हस्ताक्षर

बुझिलिनेको नाम:-

ठेगाना:-

हस्ताक्षर:-

(बिउपुँजी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ दफा ४ उपदफा ८ को (घ) बमोजिम हामि साछीहरु मञ्जुर भै हस्ताक्षर गरेका छौ)

साछीहरु :-

परिवारको संरक्षक वा सदस्य:

नाम:-

ऋणी संगको नाता:-

हस्तक्षर:-

मिति:-

समुहको अन्य सदस्यको तर्फबाट:

नाम:-

ठेगाना:-

हस्ताक्षर:-

मिति:-